# रेञ्जर आचारसंहिता

**व्यावसायिकता, सहकार्य र नेतृत्वका लागि थप प्रभावकारी तथा न्यायोचित संरक्षणलाई प्रवर्द्धन गर्नका लागि निर्मित नयाँ रेञ्जर आचारसंहिता**

**संस्करण १.०**












## उद्देश्य

रेञ्जरहरुको व्यवहारलाई मार्गनिर्देशन गर्न र यो पेशालाई व्यावसायिक बनाउन सबल सिद्धान्तहरुको आवश्यकता पर्छ । उच्चस्तरको अभ्यासका लागि रेञ्जरहरुलाई एक आचारसंहिता चाहिन्छ । यो दस्तावेजमा रेञ्जरको साधारण परिभाषा र रेञ्जरका मूल्यमान्यता एवम् आचारसंहिताका लागि कार्यमूलक ढाँचा (टेम्प्लेट)हरु समावेश गरिएको छ । सन् २०१९ मा आयोजित विश्व रेञ्जर सम्मेलनको चितवन घोषणापत्रले प्रष्टरुपमा यसका लागि अनुरोध गरेको थियो । यो दस्तावेज त्यसैको उपज हो ।

## अपेक्षित प्रयोग

आचारसंहिता तथा रेञ्जरका मूल्यमान्यताहरु आकांक्षी दस्तावेजहरु हुन जसले रेञ्जरहरुलाई प्रेरित गर्नुपर्छ । यसको लक्ष्य भनेको रेञ्जरहरुले आफ्ना मूल्यमान्यताहरु जोगाउन प्रयास गरुन् र आचारसंहिता पालनाका लागि प्रतिवद्धता व्यक्त गरुन् भन्ने हो । रेञ्जरहरुको समूह तथा संस्थाहरुले आत्मसात् गर्ने तथा कार्यान्वयन गर्ने यी आचारसंहिता र मान्यताहरुको अभिप्राय भनेको यसलाई आवश्यकताअनुसार स्थानीय सन्दर्भमा अनुकुलन गर्नु हो । आफ्नै प्रकारका मान्यता विकास गर्न चाहने समूहहरुका लागि ती टेम्प्लेटहरु मुल सिद्धान्त निर्माणका लागि मार्गदर्शक स्रोत हुन् । ति टेम्प्लेटहरु कुनै लागु गरिएको परिभाषा वा नियम होइनन् तर प्रभावकारी तथा व्यावसायिक रेञ्जर जनशक्ति विकासमा सहयोग गर्ने असल अभ्यासका रुपमा यसलाई अपनाउन प्रोत्साहित गरिन्छ ।

## संहिताको विकास

विश्वव्यापीरुपमा रेञ्जर, रेञ्जर संघ, रेञ्जर रोजगारदाता, राष्ट्रिय तथा अन्तरराष्ट्रिय निकाय, मानव अधिकार संस्था र अन्य सान्दर्भिक सरोकारवालाहरुसँगको निरन्तरको परामर्शपश्चात् अन्तरराष्ट्रिय रेञ्जर महासंघ (आईआरएफ)ले सन् २०२० मा यो दस्तावेजको विकास गरेको हो । पहिलो चरणको परामर्श कार्यक्रमले ५१ मुलुकबाट १७७ जवाफहरु संकलन गरेको थियो जसमा ६६३ मानिसहरुको प्रतिनिधित्व रहेको थियो भने दोस्रो चरणको परामर्शले ४१ मुलुकबाट १,१५७ मानिसहरुको प्रतिनिधित्व गर्ने ६२० जवाफ संकलन गरेको थियो । सबै टिप्पणी तथा जवाफहरु लेखकहरु स्वयंले संकलन, अनुवाद, समीक्षा र सम्बोधन गरेका थिए । सबै टिप्पणी तथा सम्बन्धित कार्यहरु आगामी दिनका लागि अभिलेखीकरण गरिएको थियो । यो संहिताको विकास प्रक्रियाका बारेमा एक विस्तृत प्रतिवेदन अलग्गै तयार गरिएको छ ।

ती परिभाषा र नियमहरु आईआरएफको संरक्षणमा रहेका र निःशुल्क उपलब्ध कार्यमूलक ढाँचा हुन् । ती ढाँचाहरुको नियमित समीक्षा गरिन्छ । कुनै टिप्पणी वा सम्पादनसम्बन्धी सुझाव भएमा यो इमेलमा पठाउन सकिन्छः **president@internationalrangers.org**.

**अनुसन्धान, मस्यौदा निर्माण, परामर्श र सम्पादनका लागि प्राविधिक सहयोगः**

क्रिस गोर्डन, कन्जरभेशन अल्फा

क्रिश ग्यालियर्स, अन्तरराष्ट्रिय रेञ्जर्स महासंघ

रोहित सिंह, वर्ल्डवाइड फण्ड फर नेचर

माइक एपलटन, आईयुसीएन वर्ल्ड कमिशन अन प्रोटेक्टेड एरियाज र ग्लोबल वाइल्डलाइफ कन्जरभेशन

रुबेन डि कक, स्वतन्त्र रेञ्जर प्रशिक्षक

**क्षेत्रीय तथ्यांक संकलन संयोजनः**

एना जुलिया गोमेज (अर्जेण्टिना/दक्षिण अमेरिका)

रेनाटा काओ (कोस्टारिका/दक्षिण अमेरिका)

लियोनल परेरा (कोस्टारिका/दक्षिण अमेरिका)

वेरनर मोन्तोया (पेरु/दक्षिण अमेरिका)

क्रेग हे (दक्षिण अफ्रिका/अफ्रिका)

ड्रिउ म्याकभे (केन्या/अफ्रिका)

एलेन ओनोनिनो (क्यामेरुन/अफ्रिका)

अमोन कौटुआ (आइभोरी कोस्ट/अफ्रिका)

दिवाकर चापागाईं (नेपाल/एशिया)

जोयदीप बोस (भारत/एशिया)

क्रिस्पियन बर्लो (लाओ/एशिया)

उद्धरणः अन्तरराष्ट्रिय रेञ्जर महासंघ (२०२१) । रेञ्जर आचारसंहिता । संस्करण १.० । अन्तरराष्ट्रिय रेञ्जर महासंघ, भिक्टोरिया, अष्ट्रेलिया ।

# विषय सूची

हाम्रो भनाइ

संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्त कार्यालयको सन्देश

रेञ्जरको परिभाषा

रेञ्जरका मूल्य

आचारसंहिता

अनुसूची: प्राविधिक शब्दावली



ब्राजिलमा आगो निभाउँदै रेञ्जरहरु। ©डेज एज प्रोडक्सन्स/डब्ल्युडब्ल्युएफ-युएस

# हाम्रो भनाइ

कोस्टारिकाको सान होजेमा  सन् १९९७ मा आयोजित दोस्रो विश्व रेन्जर्स सम्मेलनमा अन्तरराष्ट्रि रेन्जर्स महासंघ (आईआरएफ)ले विश्वभरको रेन्जर क्षेत्रलाई सहयोग पुऱ्याउनका लागि आचारसंहिताको आवश्यकता महसुश गरेको हो । यद्यपि यसको विकास भइसकेपछि पनि यसलाई हामीले चाहेअनुसार प्रयोग गर्न भने सकेनौं । त्यसैले रेन्जरहरुलाई व्यावसायिक बनाउनु पर्ने आवश्यकतालाई मध्यनजर गर्दै तथा चितवन घोषणापत्र (सन् २०१९)मा उल्लेख भएजस्तै गरी युनिभर्सल रेन्जर सपोर्ट अलाएन्स (युआरएसए) का सदस्यहरुको सहयोगमा आईआरएफ यो नयाँ विश्वव्यापि रेन्जर आचारसंहिता निर्माणको विकासमा लागेको हो ।

विश्वभरका रेन्जरहरुको सुझाव र करीब छ महिनाको प्रयासपछि विकास गरिएको यो विश्वव्यापी रेन्जर आचारसंहिता रेन्जरहरुले रेन्जरहरुका लागि विकास गरेको दस्तावेज हो जुन क्षेत्रीय तथा राष्ट्रिय परिप्रेक्षमा अनुकुलन गर्न सकिन्छ । रेन्जर, रोजगारदाता तथा वित्तीय सहयोगी संस्थाहरुका लागि यसले उचित अभ्यास, व्यावहारिक जिम्मेवारी र मूल्यहरु निर्धारण गरेको छ जसले रेन्जर पेशाका मुख्य सिद्धान्त र विश्वासहरुलाई अझ सबल बनाउँछ। यो एउटा ज्युँदो दस्तावेजको रुपमा रहने छ र आईआरएफले सरोकारवालाहरुको सुझावका साथ यसको वार्षिक समीक्षा गर्नेछ ताकि यो आउने दिनहरुमा सान्दर्भिक रहिरहोस् ।

**क्रिस ग्यालियर्स**

**अध्यक्ष, अन्तरराष्ट्रिय रेन्जर महासंघ**

**संहिताका मुख्य उद्देश्यहरुः**

- यस क्षेत्रको प्रतिष्ठा र समझदारी निर्माण गर्छ र बढाउँछ ।
- रेन्जरहरु तथा यस पेशाका सहयोगीहरुका लागि कार्यमूलक ढाँचा उपलब्ध गराउँछ ।
- रेन्जरहरु, रेन्जरका रोजगारदाताहरु र संभावित सहयोगीहरुलाई उचित निर्णय लिन मार्गदर्शन गर्छ ।

‘रेन्जरहरुका लागि निर्मित यो नयाँ आचारसंहिता र यसको विकासक्रममा अपनाइएको वृहत र विश्वव्यापि परामर्शको आईयुसीएन वर्ल्ड कमिशन अन प्रोटेक्टेड एरियाज स्वागत गर्दछ । संहिताले स्थापना गर्ने साझा मूल्य तथा मापदण्डहरुले प्रकृति र आममानिसहरुलाई लाभ पुऱ्याउनका लागि विश्वभर संरक्षणको अग्रमोर्चामा खटिएका रेन्जरहरुलाई जिम्मेवार, जवाफदेही एवम् सम्मानित व्यक्ति तथा टीमको रुपमा एकतावद्ध हुन सघाउनेछन् ।’

डा. क्याथी म्याकिनोनअध्यक्ष,

आईयुसीएन वर्ल्ड कमिशन अन प्रोटेक्टेड एरियाज



गस्तीमा निस्केका रेन्जरहरु केही बेर सुस्ताउँदै, प्रजातान्त्रिक गणतन्त्र कंगो । ©क्रिस गोर्डोन/कन्जरभेशन अल्फा

# संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयको सन्देश

मानव अधिकारको सम्मान र संरक्षणको माध्यमबाट जैविक विविधताको सुरक्षा एकअर्कासँग अन्तरसम्बन्धित विषय हुन् । मानव अधिकारप्रति सम्मान नजनाइकन संरक्षण सफल हुँदैन भने मानव अधिकारको पूर्ण उपभोग हाम्रो पर्यावरण र जैविक विविधताको संरक्षणमा भर पर्छ ।

संरक्षणकर्मी र समुदायहरुवीचको दुरी कम गर्न र उनीहरु विच विश्वासको वातावरण सिर्जना गर्न वन्यजन्तु रेञ्जरहरुको महत्वपूर्ण भूमिका रहन्छ । यस परिप्रेक्षमा रेञ्जरहरुका लागि नमूना आचारसंहिताको विकास एक स्वागतयोग्य कदम हो । आचारसंहिताले रेञ्जरहरुको कार्यलाई संस्थागत तथा व्यावसायिकीकरण गर्न सहयोग गर्नेछ । रेञ्जरहरुको मूल्यमान्यता तथा उचित व्यवहार, मानव अधिकारको क्षेत्रसमेतको प्रकाशमा यसले हालका नीति तथा मार्गदर्शनमा सुधार ल्याउन र वन्यजन्तु रेञ्जरका लागि संस्था उपलब्ध गराउनमा योगदान दिने छ ।

अन्तरराष्ट्रिय तथा राष्ट्रिय मानव अधिकारका उपकरणहरुमा उल्लेख भएका जिम्मेवारीहरुलाई प्रष्ट पार्ने र व्याख्या गर्ने मूल नीतिगत दस्तावेजको रुपमा आचारसंहिताको डिजाइन गरिएको छ । मानव अधिकारसम्बन्धी जिम्मेवारीलगायत वन्यजन्तु रेञ्जरका व्यावसायिक दायित्वलाई यसले सरल शब्दमा सञ्चार गरेको छ त्यसैले रेञ्जरहरुको तालिम ढाँचामा यो मुख्य भागको रुपमा रहनुपर्छ । आचारसंहिताको यो ढाँचाको अनुकुलन तथा अंगीकरण भनेको यसको सान्दर्भिकता तथा स्थानीय स्वामित्वको प्रत्याभुति गर्नका लागि रेञ्जर तथा साभ्केदारहरुसँगको परामर्श प्रक्रियाको एक हिस्सा हो भन्ने कुरा भने ख्याल राख्नु पर्छ ।

यद्यपि आचारसंहिताको अंगीकरण गर्दैमा यसले रेञ्जरहरुको मार्गदर्शनका लागि आवश्यक संस्थागत नीति ढाँचाको निर्माण भने गर्दैन । आचारसंहिताको पूरक दस्तावेजका रुपमा विशेष कार्यक्षेका लागि अझ विस्तृत मार्गदर्शन तयार गर्नुपर्छ । खासगरी बल प्रयोग गर्ने तथा थुनामा राख्नेजस्ता कानुन कार्यान्वयनका विशेष क्षेत्रहरुका लागि विशेष मार्गदर्शनको आवश्यकता देखिन्छ । यी क्षेत्रहरुमा नियमित कार्य सञ्चालनका लागि विशिष्ट प्रकारको मानक सञ्चालन प्रक्रिया (एसओपी)को विकास गर्नु महत्वपूर्ण हुन्छ ।

आचारसंहिताको परिचालन तथा समर्थनका लागि यो वृहत जवाफदेहिता प्रणालीको एक हिस्सा हो भन्ने प्रत्याभुति गर्नु महत्वपूर्ण हुन्छ । जवाफदेहिता प्रणालीमा आन्तरिक तथा बाह्य परीक्षण र सन्तुलन समावेश हुन्छन् ।

यस्तो प्रणालीले राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुन तथा व्यावसायिकता र इमान्दारीका उच्च मानकअनुसार आफ्नो दायित्व सम्पादन गर्न रेञ्जरहरुलाई मार्गनिर्देशन गर्नेछ । मानव अधिकारको सम्मानलगायत कार्यहरुमा रेञ्जरहरु पूर्णरुपमा जवाफदेही छन् भन्ने कुराको प्रत्याभुति पर्यवेक्षकहरुले गर्नुपर्छ । संस्थागत जवाफदेहिताका लागि यो एक महत्वपूर्ण तत्व हो । आचारसंहितालाई आन्तरिक अनुशासन प्रणालीसँग जोडिएको हुनुपर्छ । कतिपय अवस्थामा आचारसंहिताको वर्खिलापले संस्थाको आन्तरिक नीतिलाई मात्र होइन राष्ट्रिय र अन्तरराष्ट्रिय कानूनहरुलाई समेत उल्लंघन गरेको हुन्छ । यस्तो अवस्थामा, रेञ्जरहरुको संस्थाले अभियोजक वा अन्य बाह्य जवाफदेहिता संयन्त्रहरुलाई आरोपित अपराधको अनुसन्धानमा सघाउनु पर्छ ।

आचारसंहितामा उल्लेख गरिएका व्यावसायिक मापदण्डको पालनालाई हरेक रेञ्जरको व्यक्तिगत कार्यसम्पादन मूल्यांकनमा समावेश गरिनुपर्छ । आचारसंहिता तथा अन्य मानवअधिकार मानकको अनुरुप मानव अधिकारको पालना पेशागत विकासको शर्त हुनुपर्छ ।

मानव अधिकारको सम्मान, सुरक्षा र पालनाको आवश्यकता पूरा गर्नका लागि रेञ्जर संस्थाहरुलाई परामर्श दिन मानव अधिकार उच्चायुक्तको कार्यालय सदैव तयार छ ।

**जोहान ओल्हागेन,**

**मानव अधिकार अधिकृत**

**ग्लोबल पोलिसिज एण्ड सेक्युरिटी फोर्सेज टीम मेथोडोलोजी, एजुकेशन एण्ड ट्रेनिङ सेक्सन**

**मानव अधिकार उच्चायुक्तको कार्यालय**

# रेञ्जरको परिभाषा

'रेञ्जर' शब्दलाई परिभाषित गर्नका लागि विभिन्न प्रकारका शब्दावली तथा पदहरु प्रचलनमा छन् जसले यसलाई उपयुक्त अर्थ दिन्छन् । हामीले यो पदका धेरै प्रकारका अतिरिक्त नामहरु पनि फेला पारेका छौं जसलाई परिशिष्टमा प्रस्तुत गरिएको छ ।

संरक्षण कार्यमा रेञ्जरहरुको ज्यादै महत्वपूर्ण भूमिका हुन्छ । उनीहरु प्रकृति तथा सँस्कृति र ऐतिहासिक सम्पदाहरुको सुरक्षा एवम् वर्तमान र आउने पुस्ताको अधिकार तथा भलाइको संरक्षणका लागि जिम्मेवार हुन्छन् ।

आफ्नो कार्यसँग सम्बन्धित अधिकारी, संस्था वा समुदायको प्रतिनिधिका रुपमा राज्यस्तरीय, क्षेत्रीय, सामुदायिक, आदिवासी वा निजी सुरक्षित तथा संरक्षित क्षेत्र र अझ वृहत भु तथा सामुद्रिक परिदृष्यमा उनीहरुले कानुनी र संस्थागत ढाँचाअनुसार प्रायजसो निर्धारित समयभन्दा बढी सेवा प्रदान गर्दछन् । उनीहरु ज्ञानवान तथा काममा समर्पित हुनुपर्छ र सदैव व्यावसायिक व्यवहार प्रदर्शित गर्नुपर्छ ।

**रेञ्जरहरुले विभिन्न प्रकारका सेवा प्रदान गर्छन, जसमा निम्न कुराहरु समावेश हुन सक्छन्:**

- संरक्षित र सुरक्षित क्षेत्र तथा अझ वृहत भु तथा सामुद्रिक परिदृष्यमा रहेका प्राकृतिक तथा साँस्कृतिक मूल्यहरुको संरक्षण, सुरक्षण तथा पुनर्स्थापना गर्ने
- कानुन लागु गर्ने, क्षेत्रको अखण्डता कायम राख्ने, परिपालनाको प्रत्याभुति गर्ने र आगन्तुकहरुको व्यवस्थापन गर्ने
- समुदाय तथा वन्यजन्तुहरुका लागि सुरक्षित र सन्तुलित वातावरण बनाउनु
- मुख्य सरोकारवालाहरुसँग विश्वसनीय तथा सम्मानित सम्बन्ध बनाउने र त्यसलाई कायम राख्ने
- आदिवासी जनता तथा स्थानीय समुदायहरुको सशक्तीकरण गर्ने, उनीहसँग सहकार्य गर्ने र उनीहरुलाई सहयोग गर्ने तथा सहभागी बनाउने
- समुदायहरु, आगन्तुकहरु र समाजमा रहेको पछिल्लो पुस्तालाई शिक्षा तथा सचेतना दिलाउने

वन्यजन्तु, वासस्थान तथा साँस्कृतिक र ऐतिहासिक महत्वका विशेषताहरुको अनुगमन तथा अनुसन्धान गर्ने

- वातावरणीय जोखिमको व्यवस्थापन तथा नियन्त्रण गर्ने, र संकटको समयमा सहयोग उपलब्ध गराउने







तस्वीरहरु (माथिदेखि तल): जंगलमा क्यामेरा ट्र्याप लगाउँदै, थाइल्याण्ड, ©प्यान्थेरा । संरक्षित समुद्री क्षेत्रको गस्ती गर्दै, थाइल्याण्ड, ©प्यान्थेरा । गैंडाको उपचारमा सघाउँदै गेम रेञ्जर, दक्षिण अफ्रिका, ©क्रिस ग्यालियर्स ।

# रेञ्जरका मान्यताहरु

**कार्य तथा व्यक्तिगत जीवनका निम्नलिखित मान्यताहरुको रक्षार्थ रेञ्जरहरु प्रयासरत हुनुपर्छ ।**

रेञ्जरहरुले आफ्नो पेशा, वातावरण र यसका स्रोतहरुमा आश्रित मानिसहरुको लागि रोल मोडेल र दूतको रुपमा कार्य गर्नुपर्छ । धेरैजसो अवस्थामा उनीहरु प्रकृतिका ‘अनुहार’ हुन् । उनीहरु आफ्नो व्यवसायप्रति गौरवान्वित, लगनशील र समर्पित हुनुपर्छ, कर्तव्य पालनाका लागि तम्तयार हुनुपर्छ र आफ्नो सम्पर्कमा रहेका प्रकृति र मानिसहरुप्रति दयावान हुनुपर्छ ।

## प्राकृतिक तथा साँस्कृति मान्यताहरु

मानव कल्याण प्रत्यक्षरुपमा प्रकृतिसँग जोडिएको हुन्छ । रेञ्जरहरुले आफू कार्यरत क्षेत्रका प्राकृतिक र साँस्कृति मान्यताहरुको सम्मान र संरक्षण गर्नुपर्छ र अरुलाई पनि त्यस्तै गर्न प्रोत्साहित गर्नुपर्छ । उनीहरुले के बुझ्नुपर्छ भने हालको र भविष्यका पुस्ताहरुको जानकारी पाउने, आनन्द लिने र प्रकृतिबाट लाभ लिने अधिकार छ ।

## सिद्धान्तहरु र जवाफदेहिता

रेञ्जरहरुले सदैव मानव अधिकार र नैतिक सिद्धान्तको पालना गर्नुपर्छ । उनीहरु भ्रष्ट हुँदैनन र स्वच्छता, निष्पक्षता र सहनशीलताको साथमा कार्य गर्नुपर्छ । उनीहरुले भेदभाव तथा दुर्व्यवहार गर्ने, धम्क्याउने र सताउने गर्नु हुँदैन । रेञ्जरहरुले लिंग, उमेर, क्षमता, जाति, अर्थसामाजिक वा जातीय अवस्था, यौन अभिमुखीकरण तथा धार्मिक आस्था वा अनास्थाको सदैव सम्मान गर्नुपर्छ ।

रेञ्जरहरुले लागु गरिएका कानुन, पेशागत मानक, मान्यता र मार्गनिर्देशनको मातहतमा रहेर कार्य गर्नुपर्छ । उनीहरु आफ्नो कार्यप्रति जवाफदेही हुन्छन् र पारदर्शी तवरले आफ्नो कार्य सम्पादन गर्छन् ।

## उत्कृष्टता

रेञ्जरहरुले सकारात्मक र सक्रिय मनोवृत्ति प्रदर्शन गर्नुपर्छ र मैत्रीपूर्ण, नम्र, व्यावसायिक तथा जिम्मेवारीपूर्ण ढंगमा व्यवहार गर्नुपर्छ । उनीहरु इमान्दार, सत्यवादी, विश्वसनीय र विनम्र हुनुपर्छ । उनीहरुले निष्ठापूर्वक व्यवहार गर्नुपर्छ र आफ्नो पदको दुरुपयोग गर्नुहुँदैन । उनीहरुले आफ्नो गल्ती स्वीकार गर्नुपर्छ र त्यसलाई सुधार्नुपर्छ । काममा रहेका बेला होस वा नरहेको बेला, उनीहरु आफ्नो संस्थाप्रति सदैव ऋणी हुनुपर्छ ।

रेञ्जरहरु सक्षम र बहुमुखी हुनुपर्छ र उच्चस्तरको कार्य गर्दै आफ्नो ज्ञान र सीपलाई प्रकृतिको संरक्षण तथा त्यसमा आश्रित समुदायहरुको रक्षामा लगाउनुपर्छ । उनीहरुले निरन्तर आफ्नो ज्ञान तथा सीप विकासको लक्ष्य लिनुपर्छ र आफूले प्राप्त गरेको ज्ञान र सीप सहकर्मी तथा अन्य सरोकारवालाहरुसँग बाँड्नु पर्छ ।

## सहकार्य, वफादारी र नेतृत्व

समूह कार्य र सहकार्यले रेञ्जर जनशक्तिलाई अझ प्रभावकारी बनाउँछ । आफ्नो निष्ठामा सम्झौता गर्नुपर्ने वा कुनै नकारात्मक प्रभाव पार्न सक्ने अवस्थामा बाहेक रेञ्जरहरु अनुशासित हुनुपर्छ र आफ्ना सहकर्मी र अग्रज, उनीहरुले सेवा प्रदान गर्ने संस्था तथा समुदाय र उनीहरुले रक्षा गर्ने वातावरणप्रति वफादार रहनुपर्छ ।

रेञ्जरका मान्यताहरुको पालना, व्यावहारिक नेतृत्व, सबैलाई समान व्यवहार, सहयोग र मेण्टरिङ, एवम् खुला र प्रभावकारी संवादजस्ता मान्यतासहितको संस्थागत सँस्कृति निर्माण गर्न रेञ्जर र उनीहरुका संस्थाले सहकर्मी तथा अन्य व्यक्तिहरुलाई उत्प्रेरित गर्नुपर्छ ।

## आदर

रेञ्जरहरुले कानूनको पालना गर्दै आमजनता, सहकर्मी, समुदाय तथा अन्य अधिकारवाला र सरोकारवालाहरुलाई आदर तथा शिष्टताका साथ व्यवहार गर्नुपर्छ । प्रष्ट संवाद तथा पारदर्शी र उचित कार्यको माध्यमबाट विश्वास आर्जन गर्दै उनीहरुले आदिवासी जनता तथा स्थानीय समुदायसँग स्वस्थ र सकारात्मक सम्बन्ध बनाइराख्नु पर्छ । रेञ्जरले समुदाय र व्यक्तिगत अधिकार, सँस्कृति, परम्परा, ज्ञान र जीविकोपार्जनलाई सम्मान र महत्व दिनुपर्छ ।

रेञ्जरहरुले सूचनालाई सम्मानका साथ व्यवस्थापन गर्नुपर्छ र आफ्नो कार्यसम्पादनको क्रममा उचित कारण देखिएमा मात्र त्यसलाई सार्वजनिक गर्नुपर्छ ।

## सुरक्षा

रेञ्जरहरुले आफ्नो र अरुको सुरक्षाको उच्च सम्मान गर्दै आफ्नो कार्य गर्नुपर्छ र अनावश्यक जोखिम उठाउनु हुँदैन । रेञ्जरहरुले आफू, आफ्ना सहकर्मी र संस्थाको संरक्षण गर्न कार्य सञ्चालन सुरक्षा अपनाउनेछन् ।

## ँसाहस

खतरा, आलोचना र धम्कीका वावजुद रेञ्जरहरु साहसपूर्वक आफ्नो कर्तव्य पालनामा लाग्नुपर्छ । कतिपय अवस्थामा खतरनाक अवस्थाबाट आफूलाई अलग्याउनु पनि साहस हो । यदि उच्चअधिकारी, सहकर्मी तथा अन्य सरोकारवालाहरुको रेञ्जरहरुको मूल्यमान्यता तथा आचारसंहिताको विपरित कार्य गर्छन भने रेञ्जरहरुले उचित व्यवहार गर्नुपर्छ ।

# आचारसंहिता

**कृपया ध्यान दिनुहोस:**

संहिताअनुसार आफ्नो कर्तव्य पालन गर्ने प्रतिवद्धता जनाउनका लागि आफ्नो यो आचारसंहिता भविष्यत् कालमा लेखिएको छ । यो संहिता रेञ्जरहरुलाई उत्कृष्टताका लागि उत्प्रेरित गर्न तयार गरिएको हो । रेञ्जरका सम्पूर्ण भूमिकाहरुलाई ध्यानमा राखेर यसलाई लेखिएको हो । यद्यपि कतिपय खण्डहरु सबै रेञ्जरका लागि सान्दर्भिक नहुन पनि सक्छन् । रेञ्जरहरुले असान्दर्भिक खण्डहरुलाई हटाएर यो दस्तावेजलाई अपनाउन सक्नेछन् । उदाहरणका लागि धेरै रेञ्जरहरुले बन्दुक बोक्दैनन् त्यसैले त्यस्ता पेशाकर्मीको हकमा त्यो खण्ड हटाउन सकिन्छ ।

**म तल उल्लेखित आचारसंहिता पालनाका लागि प्रतिवद्धता व्यक्त गर्दछु:**

एक रेञ्जरको नाताले वर्तमान र आउने पुस्ताका लागि आफू कार्यरत स्थानमा रहेका प्राकृतिक र साँस्कृतिक सम्पदाको रक्षा र संरक्षणमा मेरो महत्वपूर्ण भूमिका छ, यो नै मेरो प्राथमिकत भूमिका र उद्देश्य हो । एक दूतको रुपमा म सदैव रेञ्जरका मान्यताहरुको पालना गर्नेछु, मेरो पेशालाई सम्मान गर्नेछु र सम्बन्धित कानुन, व्यावसायिक मापदण्ड र मार्गदर्शनहरुको पालना र रक्षा गर्नेछु ।

## व्यावसायिकता

म एक पेशाकर्मी हुँ र रेञ्जर हुनुमा मलाई गर्व छ । मैले आफूभन्दा माथिका अधिकारीहरुको न्यायोचित निर्देशनको सम्मान र पालना गर्नेछु र सदैव आफ्नो क्षमताले भ्याएसम्म मेहनतपूर्वक कार्य सम्पादन गर्नेछु । मैले आफ्नो कर्तव्य बुझेको र मलाई दिइएका सबै निर्देशनहरु बुझेको प्रत्याभुति गर्नेछु । म सदैव आफ्नो ज्ञान वृद्धि गर्न र त्यसलाई आफ्नो कार्यमा लागु गर्न सदैव प्रयासरत रहनेछु ।

म आफ्ना गतिविधिहरुको जिम्मेवारी लिनेछु र अप्ठ्यारो अवस्थामा पनि इमान्दारी, निष्ठा र सकारात्मक सोचका साथ आफ्नो कार्य गर्नेछु ।

समूहको एक सदस्यको रुपमा म आफ्ना सहकर्मी, मेरो संस्था र आफू कार्यरत वातावरण तथा समुदायप्रति वफादार रहनेछु । मेरो कुनै पनि अव्यावसायिक व्यवहारले म, मेरा सहकर्मी र मेरो संस्थामाथि सुरक्षा, प्रतिष्ठा र कानुनी जोखिम आउन सक्छ भन्ने म बुझ्छु ।

मैले व्यावसायिक तथा आदरपूर्वक व्यवहार गर्नेछु । समुदायका सँस्कृति, रीतिरिवाज, अधिकार, जीविका र ज्ञानको सम्मान गर्दै मैले उनीहरुसँग शान्त र सकारात्मक सम्बन्धको विकास गर्नेछु । मैले सबै सरोकारवालाहरु, सहकर्मीहरुसँग प्रष्ट, खुला र प्रभावकारी संवाद कायम गर्नेछु र विश्वास निर्माणका लागि सोहीअनुरुप कार्य गर्नेछु । मैले आफ्नो संस्थाका नियमहरुको पालना गर्नेछु र संस्थाका साधनस्रोत र सम्पत्तिहरुको कुशल प्रयोगको प्रत्याभुति गर्नेछु ।

## मानव अधिकार र गरिमा

म मानव गरिमाको सम्मान गर्नेछु र संयुक्त राष्ट्र संघको विश्वव्यापि मानवअधिकार घोषणापत्रलाई अनुशरण गर्दै सबै व्यक्तिहरुको मानव अधिकारको संरक्षण गर्नेछु । म हरेक व्यक्तिसँग नातावाद वा कृपावाद विना समान आदर र निष्पक्षताको व्यवहार गर्नेछु । म कुनै पनि परिस्थितिमा कसैप्रति शारीरिक वा मौखिकरुपमा भेदभाव, उत्पिडन वा गाली गर्ने छैन । म लिंग, उमेर, क्षमता, जाती, अर्थसामाजिक वा जातीय अवस्था, लैंगिक अभिमुखीकरण र धार्मिक आस्था वा अनास्थालाई सम्मान गर्नेछु । अरु कोहीले कसैको मानव अधिकारको उल्लंघन गरेमा म सहने छैन र त्यस्तो उल्लंघन वा गलत क्रियाकलापको सम्बन्धित अधिकारीहरु समक्ष उजुरी गर्नेछु ।

## इमान्दारी र पारदर्शिता

म मेरो कर्तव्यसँग बाझिने खालका व्यक्तिगत, सामुदायिक र अन्य स्वार्थहरुबाट टाढा रहने छु, र यदि त्यसरी स्वार्थ बाझिने अवस्था आएमा त्यसको घोषणा गर्नेछु । मेरो भूमिका कमजोर पार्ने खालका कुनै पनि लाभ, कृपा वा अन्य फाइदाहरु स्वीकार गर्ने वा प्रस्ताव गर्ने छैन ।

म कुनै अपराध गर्ने वा अपराधमा साथ दिने छैन, कुनै गैरकानुनी षडयन्त्रमा लाग्ने छैन । म घुस दिने, सौविध्यपूर्ण व्यवहार वा सूचना प्राप्त गर्ने र अपराधिक क्रियाकलापको उपेक्षा गर्ने वा त्यसमा साथ दिने जस्ता

भ्रष्टाचारको सक्रियरुपमा विरोध गर्नेछु । सम्बन्धित निकायमा त्यस्ता गतिविधिको उजुरी गर्नेछु ।

## वैधता

मेरो काम र व्यवहारसँग सम्बन्धित कानून तथा नियमबारे म जानकार हुनेछु र त्यसको पालना गर्नेछु । मैले वैध आदेश वा निर्देशनहरु मात्र दिनेछु र पालना गर्नेछु । मेरो क्षमताले भ्याएसम्म मैले कानुन वा नियमहरुको उल्लंघन रोक्नेछु र त्यस्ता गतिविधिलाई स्थापित प्रक्रिया, मेरो शक्ति र जिम्मेवारीअनुसार सम्बोधन गर्नेछु ।

## गोपनीयता

मैले मेरो कामसँग सम्बन्धित कुनै पनि संवेदनशील सूचना अनधिकृत व्यक्तिहरुलाई दिने छैन । मेरो कर्तव्य वा न्यायका लागि आवश्यक भएमा बाहेक म गोप्य भनिएका सूचनासँग सम्बन्धित सम्पूर्ण निर्देशनहरुको पालना गर्नेछु ।

## सुरक्षा

आफ्नो, मेरा सहकर्मीहरु, मेरो वातावरण, आदिवासी जनताहरु, स्थानीय समुदाय र आगन्तुकहरुको सुरक्षाका लागि मैले सदैव सक्दो प्रयास गर्नेछु । मेरा कुनै पनि गतिविधिले त्यसमा खलल पुऱ्याउने छैनन् । मेरो कर्तव्य निर्वाहका लागि शारीरिक वा मानसिकरुपमा लायक हुनका लागि म प्रयासरत रहनेछु । काममा रहेका बेला मैले कहिल्यै पनि गैरकानुनी वा नशालु पदार्थ वा मदिरा सेवन गर्ने छैन ।

## आचारसंहिताको उल्लंघनप्रति प्रतिक्रिया

**रेञ्जरहरु र कानुन कार्यान्वयनमा भूमिका**

**– (आवश्यकताअनुसार समावेश गर्ने) यहाँ दिइएका कुराहरु मार्गदर्शन मात्र हुन्**

रेञ्जरहरुले सदैव संयुक्त राष्ट्र संघको सिद्धान्त, राष्ट्रिय कानून र आफू कार्यरत देशमा संलग्नताका लागि आफ्नो संस्थाले बनाएका नियमहरुको पालना गर्नुपर्छ ।

मेरो संस्थामा रहेका सहकर्मी वा अन्य व्यक्तिहरुले रेञ्जर आचारसंहिता वा मान्यताको वर्खिलापमा व्यवहार गरेमा मैले स्थापित प्रक्रियाअनुसार त्यसको उजुरी गर्ने, त्यसलाई चुनौति दिने वा रोक्नका लागि प्रयास गर्ने जस्ता कार्य गर्नेछु । मेरो आफ्नै व्यवहार ती मानकहरुभन्दा तल गिरेमा मेरा सहकर्मीबाट पनि त्यस्तै व्यवहारको अपेक्षा गर्दछु ।

## बल प्रयोग

मेरो पहिलो लक्ष्य भनेको कानून तथा नियमको उल्लंघन गर्नेहरुको व्यवहारमा परिवर्तन ल्याउनका लागि सञ्चार गर्नु र सक्रियातपूर्वक लाग्नु हो । मैले अन्तिम अस्त्रको रुपमा मात्र बल प्रयोग गर्नेछु । स्थितिलाई सुरक्षित बनाउन सकेसम्म कम बलको प्रयोग गर्नेछु जुन मैले कानुनअनुसार सम्पादन गर्नुपर्ने कर्तव्यको पालनमा भोगेको जोखिमसँग सदैव समानुपातिक हुनेछ । कुनै पनि प्रकारको बलको प्रयोगका लागि म आफै जिम्मेवार र जवाफदेही हुनेछु र यो कुरा मैले त्यस्तो कार्य गर्नु अघि नै ध्यान दिनेछु ।

## व्यक्तिहरुको सुरक्षा

मैले मेरो हिरासतमा रहेका व्यक्तिहरुको अधिकार र सुस्वास्थ्यको प्रत्याभुति गर्नेछु । म जथाभावी मानिसहरुलाई बन्दी बनाउने छैन न त यातना वा क्रुरता, अमानवीय वा तुच्छ व्यवहार देखाउने र सजाय दिने वा सहन गर्ने छु ।

## बन्दुक

मैले बन्दुकसँग सम्बन्धित सबै कानून र प्रक्रियाहरुको बारेमा जानेको हुनेछु । मलाई विश्वास गरेर दिइएका बन्दुक वा अन्य हतियारहरु बोक्न मैले कानुनीरुपमा स्वीकृति लिनेछु र म मेरो जिम्मेवारीअनुरुप मात्र कार्य गर्नेछु । त्यस्ता हतियारहरु या त मसँगै रहनेछन् या सुरक्षित स्थानमा राख्नेछु । तिनको सुरक्षित प्रयोग र मर्मतबारे मैले तालीम प्राप्त गरेको हुनेछु ।

जनावर व्यवस्थापन र नियन्त्रण वा आत्मरक्षा वा अरुको सुरक्षाका लागि मृत्यु वा गम्भीर चोटको तात्कालिक जोखिम भएको बेलामा म बन्दुकको प्रयोग स्थापित प्रक्रियाको मातहतमा रहेर मात्र गर्नेछु । कसैको जीवनको रक्षा गर्नु परेमा अत्यावश्यक पऱ्यो भने मात्र मैले कुनै मानिसविरुद्ध बन्दुकको प्रयोगजस्तो घातक बल प्रयोग गर्नेछु । मेरो बन्दुकबाट हुने हरेक कार्यप्रति म आफै जवाफदेही हुनेछु र त्यसको प्रयोग गर्नुअघि कम घातक उपायहरु अपनाउने बारे सोच्नेछु ।

## सन्दर्भ सामग्री

संलग्नताको नियम वा मानक कार्यसञ्चालन प्रक्रिया नभएका रेञ्जरहरुका लागि हामी बल र बन्दुक तथा

कम घातक हतियार तथा गोलाबारुदसमेतको प्रयोगका सम्बन्धमा बनाइएको संयुक्त राष्ट्र संघका सिद्धान्तहरु हेर्न सुझाव दिन्छौं:

**https://www.ohchr.org/en/professionalinterest/pages/ useofforceandfirearms.aspx**

**https://www.ohchr.org/Documents/HRBodies/CCPR/ LLW_Guidance.pdf**

र कानूनको कार्यान्वयनका लागि संयुक्त राष्ट्र संघीय मानव अधिकार मानकहरु:

**https://www.ohchr.org/Documents/Publications/training5Add1en.pdfAppendix:**

# Terminology

'रेञ्जर' शब्दको परिभाषामा सुहाउने गरी विश्वभर विभिन्न नामहरु प्रचलनमा रहेका छन् । हामीले धेरै प्रकारका थप नामहरु भेटाएका छौं जुन तल प्रस्तुत गरिएको छ । हामीलाई के थाहा छ भने खासगरी गैरअंग्रेजी नामहरुको हकमा यो सूची पूर्ण छैन ।

कुनै थप उदाहरणहरु भएमा कृपया यो इमेलमा पठाउनुहोलाः **president@internationalrangers.org**

**अन्य साझा नामहरु (अंग्रेजी):**

कम्युनिटी गेम गार्ड, कम्युनिटी रेञ्जर, कम्युनिटी स्काउट, कम्युनिटी वाइल्डलाइफ स्काउट, कन्जरभेशन रेञ्जर, कन्जरभेशन अफिसर, एन्भायरोन्मेण्ट अफिसर, एन्भायरोन्मेण्ट गार्ड, फिल्ड अफिसर, फिल्ड रेञ्जर, फरेष्ट गार्ड, फरेष्टर, फरेष्ट्री अफिसर, गेम रेञ्जर, गेम स्काउट, मरिन पार्क रेञ्जर, मरिन रेञ्जर, नेशनल पार्क रेञ्जर, नेचर कन्जरभेटर, पार्क गार्ड, पार्क रेञ्जर, रेञ्जर, रेञ्जर अफिसर, स्काउट, भिलेज स्काउट, वार्डेन, वाइल्डलाइफ गार्ड, वाइल्डलाइफ अफिसर, वाइल्डलाइफ रेञ्जर, वाइल्डलाइफ स्काउट ।

## गैर अंग्रेजी नामका उदाहरणहरुः

| भाषाः | |
|---|---|
| चेक रिपब्लिकः | स्ट्राज्से प्रिरोडी |
| फ्रान्सेलीः | इकोग्रार्द, फरेष्ट इकोगार्द |
| जर्मनः | नेचरवाख्त, पार्कवाचर, रिजर्भात्साउफ्सेहेर, शुत्जेबाइट्सबेट्र्युयर, वाल्डमेइस्टेर, वाल्डह्युटेर |
| हिन्दीः | महुत |
| इटालियनः | गार्डिया फरेष्टेल |
| मलेयः | पेङ्गवाल केसेलामाटन हिडुपन लायर, पेङ्गवाल केसेलामाटन हुटान, पेरोन्दा हुटान |
| फिलिपिनः | बन्ते गुबात, बन्ते दागात, बन्ते कालिकसन |
| पोर्चुगिजः | भिजिलान्ते दा नेचरजा |
| स्लोभाक रिपब्लिकः | स्ट्राज्का प्रिरोडी |
| स्पेनिशः | अहेन्ते मेडिओमविएन्ताल, ग्वार्दाबोस्के, ग्वार्दाफउना, ग्वार्दाएम्बिएन्तेस, ग्वार्दापारामोस, ग्वार्दापार्क, ग्वार्दारिकर्सोस, ग्वार्दिएन डेल एम्बिएन्ते, ग्वार्दिएन्स डे ला नेतुरालेसा, भिजिलान्तेस |
| स्वाहिलीः | अस्कारी |
| भियतनामिजः | कियम लाम |

**थप नामहरु**

एडभाइजर, एजेण्ट, एग्रो-फरेस्टर, एनालिस्ट, एनिमल कन्जरभेशन अफिसर, एनिमल ट्र्याकर, एरिया चिफ रेञ्जर, बिट गार्ड, बिट अफिसर, बायोडाइभर्सिटी गार्डियन्स, बोटम्यान, कम्युनिटी इंगेजमेण्ट रेञ्जर, कम्युनिटी गार्डियन, कम्पनी कमाण्डर, कन्जरभेशन एजेण्ट, कन्जरभेशन असिस्ट्यान्ट, काउन्सिल रेञ्जर, कण्ट्रीसाइड रेञ्जर, क्युरेटर, इको-मोनिटर, एलिफेण्ट ह्याण्डलर्स, एनफोर्समेण्ट रेञ्जर, एन्भायरोन्मेण्ट म्यानेजमेण्ट इन्स्पेक्टर, एन्भायरोन्मेण्ट रेञ्जर, एन्भायरोन्मेण्टल एजेण्ट, एन्भायरोन्मेण्टल कम्प्लायन्स अफिसर, एन्भायरोन्मेण्टल लिडर, एन्भायरोन्मेण्टल अपरेटर, एन्भायरोन्मेण्टल प्रिजर्भेशन एजेण्ट, एन्भायरोन्मेण्टल प्रोटेक्टर, एक्टेन्सनिस्ट पार्क रेञ्जर, फिल्ड सर्भिस अफिसर, फिल्ड सुपरभाइजर, फिल्ड टेक्निसियन, फायर म्यानेजमेण्ट अफिसर, फायर प्रोटेक्सन फोर्स, फायर वाचर, फरेष्ट बिट अफिसर, फरेष्ट कन्जरभेशन अफिसर, फरेष्ट इकोसिष्टम टेक्निसियन, फरेष्ट मास्टर, फरेष्ट अफिसर, फरेष्ट पट्रोलर, फरेष्ट रेन्ज अफिसर, फरेष्ट सेक्सन अफिसर, फरेष्ट वार्डेन, फरेष्ट वाचर, फरेष्ट्री एजेण्ट, फरेष्ट्री टेक्निसियन, फ्रण्टलाईन स्टाफ, गेम अफिसर, गेम वाचर, गेमकिपर, गार्ड, गार्ड मोनिटर, गार्डियन, अनरेरी वार्डन, इन्डिजिनस ल्याण्ड रेञ्जर्स, इण्डिजिनस सी रेञ्जर्स, इन्स्पेक्टर, इण्टरप्रेटिभ रेञ्जर, ल्याण्ड रेञ्जर्स, नेटिभ रेञ्जर, नेचुरल एन्भायरोन्मेण्ट एजेण्ट, नेचर एम्बासडर, नेचर गार्डियन, नेचर पार्क रेञ्जर, नन-कमिसनिङ अफिसर अफ वाटर्स एण्ड फरेष्ट्स, पार्क इण्टरप्रेटर, पार्क नेचुरलिष्ट, पार्क्स एण्ड वाइल्डलाइफ असिस्ट्याण्ट, पार्क्स एण्ड वाइल्डलाइफ अफिसर, पट्रोलर, प्लाटून कमाण्डर, प्रोपाइटर, प्रोटेक्टेड एरिया नेशनल पुलिस रिजर्भिस्ट, रेडियो अपरेटर, रेञ्ज कन्जरभेशनिष्ट, रेञ्ज फरेष्ट अफिसर, रेञ्ज इन्चार्ज, रेञ्ज अफिसर, रेञ्जर कर्पोरल, रेञ्जर इन्चार्ज, रेञ्जर नेचुरलिष्ट, रेञ्जर सार्जन, रेञ्जर टीम लिडर, रिसर्चर, रिजर्भ गार्ड, रिसोर्स म्यानेजमेण्ट स्पेसलिष्ट, रिसोर्स गार्ड, रुरल एजेण्ट, सी रेञ्जर्स, सेक्सन रेञ्जर, सेक्युरिटी एण्ड सर्भेलेन्स एजेण्ट, सिनियर फिल्ड सुपरभाइजर, सिनियर रेञ्जर, स्टेट इन्स्पेक्टर, सपोर्ट पार्क रेञ्जर, टेक्निसियन असिस्टेण्ट्स, टेक्निसियन, ट्र्याकर, भोलुण्टरी पार्क रेञ्जर, वाचर, वाचम्यान, वाइल्डलाइफ कञ्जरभेशनिष्ट, वाइल्डलाइफ कीपर, वाइल्डलाइफ मोनिटर, वाइल्डलाइफ पट्रोलर, वाइल्डलाइफ पुलिस अफिसर, वाइल्डलाइफ रिसर्चर, वाइल्डलाइफ वाचर

यूएस पार्क रेञ्जर र स्क्रिच आउल, संयुक्त राज्य अमेरिका। ©रिचर्ड सिगिन्स।



**आवरण तस्वीर (माथि बायाँबाट घडीको दिशामा):** स्मार्ट ट्रेनिङ अभ्यासमा रेञ्जरहरु, फिलिपिन्स, ©जेम्स स्लेड/जीडब्ल्युसी । पोण्टा डो ओउरो पार्सियल मरिन रिजर्भमा मरिन रेञ्जरहरु, मोजाम्बिक, ©पिस पार्क्स फाउडेशन । कोपो राष्ट्रिय निकुञ्ज्मा रेञ्जर, अर्जेण्टिना, ©जेसन हौस्टन/डब्ल्युडब्ल्युफए-युएस । चोरीशिकारी प्रतिरोधी रेञ्जरहरु, क्यामेरुन, ©एडम स्मिथ/जेडएसएल । नयाँ मेनग्रोव वृद्धिको अनुगमन गर्दै, इण्डोनेशिया, ©जेम्स स्लेड/जीडब्ल्युसी ।

IRF
INTERNATIONAL RANGER FEDERATION

**रेञ्जर आचारसंहिता अन्तरराष्ट्रिय रेञ्जर महासंघले निर्माण गरेको हो जसका सहयोगीहरु यस प्रकार छन्:**

URSA
UNIVERSAL RANGER SUPPORT ALLIANCE

गचकबद्धचबलनभचकायचन

INTERNATIONAL RANGER FEDERATION
internationalrangers.org

GLOBAL WILDLIFE CONSERVATION
globalwildlife.org

WWF
panda.org

FAUNA & FLORA INTERNATIONAL
fauna-flora.org

IUCN WCPA WORLD COMMISSION ON PROTECTED AREAS
iucn.org/commissions/world-commission-protected-areas

ZSL LET'S WORK FOR WILDLIFE
zsl.org

PANTHERA
panthera.org

FORCE FOR NATURE
forcefornature.org